# नेपालको कृषि-खाद्य प्रणालीको स्थिति प्रतिवेदन
# फेब्रुअरी २०२४| बुलेटिन नम्बर १५

## प्रमुख सन्देश

नेपाल जीवनस्तर सर्वेक्षण (चौथो) २०२२-२३ को तथ्याङ्क अनुसार, नेपालमा गरिबीको दर सन् २०१०-११ मा २५.२ प्रतिशत रहेकोमा, सन् २०२२-२३ मा घटेर २०.३ प्रतिशतमा झरेको छ । तथ्याङ्कका अनुसार सबैभन्दा उच्च गरिबी दर सुदूरपश्चिम प्रदेश (३४.२ प्रतिशत) र सबैभन्दा कम गण्डकी प्रदेशमा (११.९ प्रतिशत) देखिएको छ । गरिबीको दरमा देखिएको समग्र गिरावटले आर्थिक विकासबाट प्राप्त सकारात्मक लाभहरू तर्फ संकेत गर्दछ ।

मध्य-जनवरी २०२२ मा मुद्रास्फीति ७.३ प्रतिशत रहेकोमा सन् २०२३ को मध्य-जनवरीमा वार्षिक मुद्रास्फीति ५.३ प्रतिशतमा झरेको थियो । मध्य जनवरीमा, खाद्य र पेय पदार्थको मुद्रास्फीतिमा अघिल्लो महिनाको तुलनामा १.५ प्रतिशतको गिरावट देखियो।मुद्रास्फीतिको यो गिरावटले शहरी र अर्ध-शहरी क्षेत्रमा बसोबास गरी कुल खाद्यन्न खरिद गर्नुपर्ने परिवारहरुलाई केही राहत प्रदान गर्ने अपेक्षा गर्न सकिन्छ ।

नेपालले मध्य जुलाई र मध्य जनवरी बीच ७ खर्ब, ३३ अर्ब, २२ करोड नेपाली रुपैया (५.५ बिलियन अमेरिकी डलर)[1] विप्रेषणका रुपमा प्राप्त भयो, जुन अघिल्लो वर्षको सोही अवधिको तुलनामा २४.३ प्रतिशतले बढी हो । यद्यपी, अघिल्लो महिना भन्दा २०२४ को मध्य जनवरीमा विप्रेषण आप्रवाह ११.३ प्रतिशतले घटेर १ खर्ब २० अर्ब नेपाली रुपैयाँ (९०.१४ करोड अमेरिकी डलर) रह्यो । उक्त तथ्याङ्कका आधारमा नेपालमा विप्रेषण आप्रवाह प्रवृत्ति घट्न सक्ने अनुमान गर्न सकिन्छ ।

अघिल्लो महिनाको तुलनामा अन्नहरुको खुद्रा मूल्य राष्ट्रिय रुपमा र पश्चिमी प्रदेशहरुमा स्थिर रह्यो । सोही समयमा अघिल्लो वर्षको तुलनामा तरकारी र खाने तेलको वार्षिक मूल्य घटेको देखियो भनें दुध, अण्डा, र माछाको मूल्य बढेको देखियो । खाद्यवस्तुहरुको खरिदमा निर्भर गरीब उपभोक्ताहरुका लागि अन्नहरुको स्थिर मूल्य र तरकारी तथा खाने तेलको मूल्यमा आएको गिरावटले केही राहत प्रदान गर्ने देखिन्छ । यद्यपि, दुध, अण्डा, र माछाको मुल्यवृद्धिले (साना किसानहरुलाई फाईदा भए तापनि) अत्यावश्यक प्रोटिन, खनिज तत्व र भिटामिनका श्रोतहरुको पहुँचमा चुनौती प्रस्तुत गर्न सक्दछ ।

## बृहत आर्थिक अवस्था र घरधुरीको आर्थिक विकासका लागि सम्भावनाहरु

**प्रमुख सन्देशः** खाद्यान्नको मूल्यमा आएको गिरावट, उच्च ज्याला दर र विप्रेषणको आप्रवाहको बढोत्तरीले गर्दा धेरै नेपाली परिवारहरुले क्रयशक्तिमा वृद्धि भएको अनुभव गरेका छन् । जनवरी २०२४ मा नेपालको मुद्रास्फीति दर थोरैले घटेर ५.३

[1] विनिमय दर २०२४, फेब्रुवरीः १ अमेरिकी डलर = ने.रु. १३३.१३


प्रतिशतमा झरेको छ, जसमा खाद्यान्न र पेय पदार्थ समूह अन्तर्गतको तरकारीको मूल्यमा (८.८ प्रतिशत) उल्लेखनीय गिरावट देखिएको छ । मुद्रास्फीतिको दरमा देखिएको यस्तो कमीले आधारभूत खाद्यान्नमा उपभोक्ताहरूको पहुँच बढाउन सक्छ ।

**मुद्रास्फीतिः** सन् २०२४ को जनवरीमा वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति (CPI), अघिल्लो महिनाको तुलनामा ०.७ प्रतिशतले घटेर ५.३ प्रतिशतमा पुगेको छ । खाद्यान्न र पेय पदार्थ समूह अन्तर्गत खाद्यान्न, दाल, दुग्धजन्य पदार्थ, फलफूल, मसला, चिनी र चिनीजन्य पदार्थमा मुद्रास्फीति बढेको छ भनें तरकारी, घिउ, तेल, मासु र माछाको मूल्यमा गिरावट आएको छ । खास गरी, अघिल्लो महिनाको तूलनामा, तरकारी समूहमा उपभोक्ता मूल्य सूचाकाङ्कमा ८.८ प्रतिशतको गिरावट देखिएको छ (अनुसुची ४) । मौसमी बाली र उत्पादनका कारण बजारमा तरकारीको उच्च आपूर्तिले गर्दा यस्तो गिरावट भएको हुन सक्ने अनुमान गर्न सकिन्छ ।

**तलब तथा ज्यालाः** मध्य जनवरीमा वार्षिक विन्दुगत तलब तथा ज्यालादर सुचकाङ्क ५.६ प्रतिशतले बढेको छ। सोही अवधिमा कृषि क्षेत्रका कामदारहरुको ज्यालादर सूचकाङ्कमा अघिल्लो वर्षको तूलनामा ५.२ प्रतिशतले वृद्धि भएको पाइएको छ ।क्रयशक्तिमा भएको वृद्धि र खाद्य मूल्यमा आएको गिरावटले गर्दा परिवारहरुको खाद्य विविधताको दायरा फराकिलो बनाउन मद्दत गर्दछ । जसका कारण परिवारहरुको पोषणयुक्त खानाको सेवनमा वृद्धि हुने आंकलन गर्न सकिन्छ ।

**बसाईसराई तथा विप्रेषणः** मध्य जुलाई २०२३ देखि मध्य जनवरी २०२४ सम्म, नेपालले जम्मा रु. ७ खर्ब ३३ अर्ब २२ करोडको (५.५ अर्ब अमेरिकी डलर) विप्रेषण प्राप्त गरेको छ, जुन २०२२-२३ को सोही अवधिको तुलनामा २४.३ प्रतिशतले धेरै हो। यद्यपि, मध्य डिसेम्बर २०२३ देखि मध्य जनवरी २०२४ सम्मको मात्रै विप्रेषण आप्रवाह हेर्दा ११.३ प्रतिशतले घटेर जम्मा रु १ खर्ब २० अर्ब (९०.१४ करोड अमेरिकी डलर) प्राप्त भएको देखिन्छ ।

साथ-साथै, वैदेशिक रोजगारीका लागि जारी गरिएका श्रम स्वीकृतिको सङ्ख्यामा अघिल्लो वर्षको तुलनामा उल्लेख्य रुपमा घटेको पाइएको छ, जसमा नयाँ श्रम स्वीकृति लिनेको सङ्ख्या र नविकरण गर्ने सङ्ख्यामा क्रमश २४.६ प्रतिशत र ५.० प्रतिशतले गिरावट देखिन्छ । यस्तै श्रम स्वीकृतिको प्रवृति रहिरहने हो भनें, विप्रेषणमा आश्रित परिवारका लागि अत्यावश्यक खाद्यवस्तु र पोषणको खरिद र उपभोगमा चुनौती थपिन सक्दछ ।




**चित्र १ :** *नेपाल र भारतमा उपभोक्ता मूल्य सूचाकाङ्क (CPI) मा भएको मासिक उतारचढावको प्रतिशत*
*श्रोतः वर्तमान बृहत आर्थिक तथा वित्तीय स्थिति ( आ.व. २०८०/८१ को ६ महिनाको तथ्याङ्कमा (अन्तिम मध्य जनवरी) आधारित), नेपाल राष्ट्र बैंक*

## खाद्य वस्तु र कृषि सामग्रीमा हालको मूल्यमा उतार-चढाव


**प्रमुख सन्देश:** पश्चिमी प्रदेशहरु र नेपालमा अघिल्लो महिनाको तुलनामा डिसेम्बर २०२३ मा अन्नको मूल्य स्थिर रह्यो । यद्यपि, मोटो चामलको वार्षिक बिन्दुगत मूल्यमा राष्ट्रव्यापी रुपमा २५.६ प्रतिशतले र पश्चिमी प्रदेशहरुमा २७.६ प्रतिशतले वृद्धि भएको पाइयो ।यो मुल्यवृद्धिले ग्रामिण र कम आय भएका शहरी परिवारको उपभोगमा प्रतिकूल प्रभाव निम्त्याउन सक्ने देखिन्छ। यसको विपरित, पोषणीय गुण भएका अत्यावश्यक तरकारीको मूल्य भनें अघिल्लो महिनाको तुलनामा डिसेम्बर २०२३ मा उल्लेख्यमा घटेकोले उपभोगमा केही सहजता हुन अनुमान गर्न सकिन्छ ।

तरकारीको मूल्यमा ह्रास आउनुका पछाडि गोलभेडा, फर्सी र बन्दा जस्ता मौसमी तरकारीको बजारमा बढ्दो आपूर्तिलाई लिन सकिन्छ । मूल्यमा भएको गिरावटले सुपथ मूल्यमा अत्यावश्यक भिटामिन, खनिज तत्व, र रेसादार तरकारी प्राप्त गर्न गर्न सक्ने भएकोले कम आय भएका शहरी उपभोक्ताहरुलाई फाइदा गर्ने अपेक्षा गर्न सकिन्छ । यसको विपरित, प्रोटिन र अत्यावश्यक बोसोयुक्त तत्वहरु (essential fatty acids) पाइने दुध र माछाको मूल्य भनें वार्षिक रुपमा, राष्ट्रिय स्तर र पश्चिमी प्रदेशहरु दुवैमा बढिरहेको देखिन्छ । नेपाल जीवनस्तर सर्वेक्षण २०२२-२३ का अनुसार, काठमाडौं उपत्यका बाहेकका स्थानहरुमा, अति गरीब २० प्रतिशत जनसङ्ख्याको कुल उपभोग मध्ये, खाद्यान्नका लागि मात्रै ५७ प्रतिशत खर्च हुने देखिएको छ।

**नेपालको गरिबी परिदृश्य: नेपाल जीवन स्तर सर्वेक्षणले क्षेत्रीय असमानताहरू प्रस्तुत गर्दछ**

राष्ट्रिय तथ्याङ्क कार्यालयले भर्खरै प्रकाशित गरेको नेपाल जीवनस्तर सर्वेक्षण २०२२-२३ का[2] अनुसार कुल जनसङ्ख्याको २०.३ प्रतिशत जनसङ्ख्या गरिबीको रेखामुनि रहेका छन् । यस सर्वेक्षणले गरिबीको रेखा मापन गर्ने प्रक्रियालाई परिमार्जन गरी, प्रति व्यक्ति वार्षिक उपभोग खर्चको थ्रेसहोल्ड ने.रू. ७२,९०८ (५४९.७३ अमेरिकी डलर) कायम गरी गरिबीको रेखा निर्धारण गरिएको थियो । सो थ्रेसहोल्ड, यस अगाडिको २०१०-११ मा गरेको जीवनस्तर सर्वेक्षण भन्दा ७० प्रतिशतले धेरै राखिएको थियो, जसले बढ्दो जीवनयापनको मूल्यलाई संकेत गर्दछ ।

प्रदेशहरु मध्येमा, कुल गरिबीको रेखामुनि रहेको जनसङ्ख्या मध्ये मधेश प्रदेशमा २५.१ प्रतिशत रहेको तथ्याङ्कले देखाउँछ । Feed the Future Zone of Influence अन्तर्गतका प्रदेशहरुमा सो तथ्याङ्क लुम्बिनी प्रदेशमा २२.८ प्रतिशत, सुदुरपश्चिम प्रदेशमा १४.० प्रतिशत र कर्णाली प्रदेशमा ६.७ प्रतिशत रहेको छ । (चित्र २)





**चित्र २**: *विभिन्न प्रदेश अनुसार गरिब जनसङ्ख्याको प्रतिशतको वितरण*

---

2 National Statistical Office, 2023. *NEPAL LIVING STANDARDS SURVEY IV 2022-23,* Thapathali, Kathmandu: Office of the Prime Minister and Council of Ministers. Kathmandu, Nepal.

यद्यपि, गरिबीको दरमा मात्रै केन्द्रित रहँदा, कुल जनसङ्ख्याको जम्मा ५.१ प्रतिशत हिस्सा भएको कर्णाली प्रदेशमा २६.७ प्रतिशत जनसङ्ख्या गरिबीको रेखामुनि रहेको देखिएको छ । त्यसैगरी, कुल जनसङ्ख्याको जम्मा ८.३ प्रतिशत हिस्सा भएको सुदूरपश्चिम प्रदेशमा सबैभन्दा धेरै, ३४.३ प्रतिशत जनसङ्ख्या गरिबीको रेखामुनि रहेको तथ्याङ्कले देखाएको छ (चित्र ३) । सर्वेक्षणले शहरी क्षेत्रमा गरिबीको दर १८.३ प्रतिशत र ग्रामीण क्षेत्रमा २४.७ प्रतिशत रहेको पनि प्रकाश पारेको छ ।




**चित्र ३:** प्रदेश अनुसार गरिबी दर

## कृषि सामग्री

**मलखाद:** USAID FtF परियोजना कार्यान्वयन गर्ने साझेदार संस्थाहरुले प्रदान गरेको फिल्ड तथ्याङ्क अनुसार युरिया मलको औसत मूल्यमा, अघिल्लो महिनाको तुलनामा उल्लेख्य रुपमा २४.८ प्रतिशतले ह्रास आई जनवरीमा ने.रु. २१.२२ (०.१६ अमेरिकी डलर) कायम भएको छ ।यसैगरी, डी.ए.पी मलको औसत मूल्य ने.रु. ५०.३ (०.३८ अमेरिकी डलर) भएको पाइयो, जुन अघिल्लो महिनाको भन्दा ९ प्रतिशतले कम हो । साथै, पोटासको मूल्य २५ प्रतिशतले घटेर ने.रु. ५२.४० (०.३९ अमेरिकी डलर) बाट ने.रू. ३९.३ (०.२९ अमेरिकी डलर) पुगेको देखियो । मलखादको मूल्यमा देखिएको यस्तो मूल्य गिरावटले हिउँदे बालीहरु, खासगरी गहुँको उत्पादन खर्च घटाउने अपेक्षा गर्न सकिन्छ ।

**इन्धन**: जनवरी २०२४ मा, पेट्रोल, डिजेल, मट्टीतेल र एलपीजी ग्याँसको मूल्य अघिल्लो महिनाको तुलनामा न्यून वृद्धि भएको पाईयो । पेट्रोलको मूल्य ने.रु. १७० (१.३ अमेरिकी डलर) प्रति लिटर कायम भयो, जुन अघिल्लो महिनाको भन्दा

१.८ प्रतिशतले धेरै हो । डिजेल र मट्टितेलको खुद्रा मूल्य भने ने.रु. १५८ (१.२ अमेरिकी डलर) प्रति लिटर कायम रह्यो । इन्धनको मूल्यले खाद्यान्नको मूल्य र उत्पादन लागतमा प्रभाव पार्ने हुँदा, पेट्रोलियम पदार्थको मूल्यमा भएको न्युनतम वृद्धिले पनि नेपालमा कृषिमा आश्रित घरपरिवारका लागि घरायसी खर्च र उत्पादन लागत बढाउन सक्छ ।

**बिउ:** CSISA को फिल्ड तथ्याङ्क अनुसार, जनवरी महिनामा धानको वर्ण संकर बिउहरुको मासिक औसत मूल्यमा मध्यम रुपमा गिरावट भएको देखिन्छ । धानको वर्ण संकर बिउहरुको मूल्य ने.रु. ५५९.५ (४.२२ अमेरिकी डलर) बाट घटेर ने.रु. ५४० (४.०५ अमेरिकी डलर) पुगेको छ । साथै, खुल्ला परागसेचन (Open Pollinated) धानको बिउको मासिक औसत मूल्य ने.रु. ६९.६ (०.५२ अमेरिकी डलर) प्रति केजी रहेको छ । मकैको बिउमा खुल्ला परागसेचित बिउको मूल्य ने.रु. १७८.९३ (१.३४ अमेरिकी डलर) प्रति केजी र वर्ण संकर बिउको मूल्य ने.रु. ५३३.६ (४.० अमेरिकी डलर) रहेको छ । यसैगरी, १० ग्राम स्थानीय गोलभेडाको बिउको मूल्य ने.रु. १०७.३ (०.८ अमेरिकी डलर) र वर्ण संकर गोलभेडाको बिउको मूल्य उल्लेख्य रुपमा धेरै, ने.रु. १३२८.९ ( १०.० अमेरिकी डलर) रहेको देखियो । यसबाहेक दाल, गहुँ, काउली (खुल्ला परागसिचित), र नेपाली प्याजको बिउको औसत मूल्य क्रमशः ने रु. २३३ (१.७६ अमेरिकी डलर), ७५.३ (०.५७ अमेरिकी डलर), ७,९२५ (५९.७६ अमेरिकी डलर) र ३,७५० (२८.२८ अमेरिकी डलर) रहेको पाइयो । यसका साथै विभिन्न जिल्लाहरुमा विविध खाद्यान्नका बिउहरुको मूल्यमा अनुसुची ४ मा प्रस्तुत गरिए अनुसारको भिन्नता देखियो ।

**श्रम:** फिल्डको तथ्याङ्कले कृषि श्रमिकको ज्यालादरमा लैङ्गिक रुपमा उल्लेख्य विवेद भएको देखाउँछ । औसतमा, पुरुष कृषि श्रमिकहरुले ने.रु. ८५०.८ (६.४ अमेरिकी डलर) दैनिक ज्याला आम्दानी गर्दा, सोही कामका लागि महिलाले जम्मा ने.रु. ६७९ (५.१ अमेरिकी डलर) मात्रै आम्दानी गरेको पाइयो । पुरुष श्रमिकले न्यूनतम ने.रु. ४५० (३.४ अमेरिकी डलर) दैनिक ज्यालादर पाउनेमा महिलाले भनें ने.रु. ३०० (२.३ अमेरिकी डलर) मात्रै लिइरहेको पाईयो ।यस्तै प्रकारको दैनिक ज्यालादारीमा लैङ्गिक भिन्नता गैर-कृषि क्षेत्रमा काम गर्ने श्रमिकहरुमा पनि देखियो ।
जिल्ला अनुसारको कृषि सामग्रीको मूल्यमा भिन्नता, सिँचाई र ट्र्याक्टरको इकाई अनुसारको लागत र भाडादरका लागि अनुसुची ३ मा दिइएको छ । अर्को महिनाबाट, यस बुलेटिनले यहाँ सूचिकृत गरिएका कृषि सामग्रीहरुको मासिक प्रतिशत मूल्य परिवर्तनहरुलाई समावेश गर्नेछ ।

## अन्न

डिसेम्बर २०२३ मा अघिल्लो महिनाको तुलनामा सबै अन्नहरुको मूल्यमा न्यूनतम वृद्धि भएको देखियो (अनुसुची १ हेर्नुहोस्) । यस्तो न्युन बढोत्तरीको प्रवृत्ति पश्चिमी प्रदेशहरुमा पनि मसिनो चामल बाहेक सबै अन्नहरुमा देखिएको थियो । मासिक रुपमा अन्नको मूल्यमा भएको परिवर्तन निकै नै कम भए तापनि, वार्षिक रुपमा तुलना गर्दा उल्लेख्य रुपमा अन्नको मूल्यमा वृद्धि भएको पाइयो । राष्ट्रिय स्तरमा डिसेम्बर २०२२ र २०२३ को तथ्याङ्क हेर्दा, चामल (मोटो) को मूल्य सबैभन्दा धेरै, २५.६ प्रतिशतले बढेको पाईयो । पश्चिमी प्रदेशहरुमा पनि मोटो चामलको मूल्यमा, राष्ट्रिय रुपमा जस्तै २७.६ प्रतिशतले बढेको देखियो । यसैगरी, अनुसुची २ मा प्रस्तुत गरिए अनुसार, अनाजको मूल्य विभिन्न क्षेत्रहरुमा भिन्न भिन्न पाइयो, जसले मूल्य कायम गर्दा हुने क्षेत्रीय भिन्नतालाई दर्शाउँछ । नेपाल सरकारले सन् २०२३ मा मोटा धान र मध्यम आकारको धानको

न्यूनतम समर्थन मूल्य क्रमशः ७.८ प्रतिशत र ७.६ प्रतिशत प्रति क्विन्टलले बढाउने निर्णय गरे सँगै, सन् २०२४ को डिसेम्बरमा चामलको मूल्य बढेको आंकलन गर्न सकिन्छ ।

**स्पटलाईटः नेपालको FTF प्रभाव क्षेत्रमा बढ्दो धान उत्पादन र खाद्य सुरक्षा**

डिसेम्बर २०२३ मा, IIDS ले CSISA मार्फत सम्पादन गरेको दोस्रो चरणको घरधुरी सर्वेक्षणले पाँच प्रदेशहरुः लुम्बिनी, बागमती, कर्णाली, सुदूरपश्चिम र मधेश प्रदेशका कुल ७८४ घरधुरीहरुको कृषि उत्पादनको तथ्याङ्क संकलन गरेको थियो । यी प्रदेशहरु मध्ये लुम्बिनी, बागमती, कर्णाली र सुदूरपश्चिम प्रदेशहरु USAID को Feed the Future Zone of Influence (FtF ZoI) अन्तर्गत पर्दछन्, भनें मधेश प्रदेशलाई Zone of Influence का लागि प्रस्तावित गरिएको छ । घरधुरी सर्वेक्षणको प्रारम्भिक नतिजाले सर्लाही, बाँके, दाङ, सुर्खेत, डडेलधुरा र कैलाली जिल्लाहरुमा २०२१-२२ को जिल्लाको औसत उत्पादनको तुलनामा धान उत्पादनमा वृद्धि भएको संकेत गर्दछ । समग्रमा, धान उत्पादनमा वृद्धि भए तापनि सामान्य घरधुरीहरुको धान उत्पादन, २०२३-२४ मा प्रतिवेदन गरिएको औसत प्रादेशिक उत्पादन भन्दा कम भएकाले, FtF ZoI जिल्लाहरुमा धान उत्पादनमा सुधारका लागि यथेष्ट प्रयासहरु आवश्यक रहेको देखिन्छ । खास गरेर, सर्वेक्षण गरिएका घरधुरीहरु मध्ये, सल्यान जिल्लाका घरधुरीहरुको धान उत्पादन जिल्लाको औसत उत्पादन र प्रादेशिक औसत उत्पादन भन्दा निकै कम देखिएको थियो । सर्वेक्षण गरिएका घरधुरीहरु पहाडमा रहेका र तरकारी उत्पादनमा केन्द्रित रहेकाले पनि सो नतिजा आएको हुनसक्छ ।
यी क्षेत्रहरूमा धानको उत्पादन बढाउन र खाद्य सुरक्षा सम्बन्धी समस्याहरू समाधान गर्ने प्रयासहरू अवलम्बन गर्न आवश्यक छन् ।यसका लागि विभिन्न रणनीतिहरु जस्तै: नविन प्रविधिमा लगानी गर्ने, निजी क्षेत्रसँग साझेदारी गर्ने, बजार विश्वसनीयताका लागि चामल मिल मोडेल लागू गर्ने आदि रणनीतिहरुले धानको उत्पादन बढाउन र खाद्य सुरक्षा प्रत्याभूत गर्न सहयोगी हुन सक्छन्। यसका साथै, कृषि सामग्रीमा सहायता प्रदान गर्नाले दिगो कृषि अभ्यासहरुलाई बढावा दिई, FtF ZoI का समुदायहरूको खाद्य सुरक्षाको प्रत्याभूति गर्न सक्दछ।

## वागबानी वस्तुहरु

**तरकारी:** यो महिना, अघिल्लो महिनाको तुलनामा तरकारीको मूल्य घटेको पाइयो (अनुसुची १ हेर्नुहोस्) । खास गरी, राष्ट्रव्यापी रुपमा, गोलभेडाको मूल्य सबैभन्दा बढी, १२.७ प्रतिशतले घटेको पाइयो भनें सोही अवधिमा प्रदेशस्तरमा काउलीको मूल्य सबैभन्दा धेरै, ९.७ प्रतिशतले घटेको देखियो । रातो आलुको मासिक औसत मूल्यमा भने राष्ट्रव्यापी रुपमा र पश्चिमी प्रदेशहरुमा केही भिन्नता देखियो । अघिल्लो महिनाको तुलनामा यो महिना राष्ट्रिय रुपमा रातो आलुको मूल्यमा ३.४ प्रतिशत गिरावट देखियो भनें पश्चिमी प्रदेशहरुमा मूल्य २.४ प्रतिशतले बढेको देखियो । साथै, अवधिको मूल्यमा पश्चिमी प्रदेशहरुमा र राष्ट्रिय स्तरमा उल्लेख्य रुपमा क्रमशः ३०.० प्रतिशत र १७.६ प्रतिशत वार्षिक गिरावट देखियो ।

तरकारीहरुमा, पछिल्लो महिनाको तुलनामा, राष्ट्रव्यापी रुपमा रातो आलु, गोलभेडा, गोलभेडा र गाँजरको मूल्यमा सकारात्मक परिवर्तन देखियो । मौसमी बालीको उत्पादनले बजारमा आपूर्ति बढेको कारणले समग्रमा तरकारीको मूल्यमा गिरावट आएको मान्न सकिन्छ । विशेषतः मौसमी तरकारीहरुको मूल्यमा गिरावट देखिएकोले तरकारीलाई सुपथ बनाएको तर्फ इगिंत गर्दछ ।

**फलफूल :** स्याउ र केराको मूल्य वार्षिक र मासिक रुपमा नेपाल र पश्चिमी प्रदेशहरुमा बढ्दा सुन्तलाको मूल्य भनें नेपाल र पश्चिमी प्रदेशहरु दुवैमा घटेको देखियो (अनुसुची १) । नेपालमा, डिसेम्बर २०२३ मा स्याउ र केराको मूल्यमा वार्षिक वृद्धिदर ११.८ प्रतिशत र ११.० प्रतिशत रहेको पाईयो । । पश्चिमी प्रदेशहरुमा, प्रति केजी स्याउ र प्रति दर्जन केराको मूल्य, क्रमशः १४.४ र १५.५ प्रतिशतले वृद्धि भएको देखियो, यो परिवर्तन राष्ट्रिय औसत मूल्यमा भएको परिवर्तनको तुलनामा अधिक थियो ।

यसैगरी, पश्चिमी प्रदेशहरुमा स्याउ (७.६ प्रतिशत) र केराको (९.८ प्रतिशत) मासिक मूल्य वृद्धि समग्र राष्ट्रिय मूल्य वृद्धि भन्दा बढी पाईयो। प्रदेशहरू मध्ये, वार्षिक रूपमा बागमती प्रदेशमा स्याउको लागि सबैभन्दा बढी मूल्य वृद्धि (४०.७ प्रतिशत) रेकर्ड गरिएको छ । त्यस्तै मधेश प्रदेशमा केराको मूल्यमा (३६.८ प्रतिशत) वृद्धि भएको छ। त्यसको विपरित सुदूरपश्चिम प्रदेशमा गत वर्षको तुलनामा २०२३ को डिसेम्बरमा सुन्तलाको मूल्यमा सबैभन्दा बढी (१४.८ प्रतिशत) गिरावट आएको छ । फलफूलको मूल्यमा हुने यी उतार-चढावहरूले आपूर्ति र माग अनुरुपको बजारको गतिशीलता र क्षेत्रीय भिन्नताहरू प्रतिबिम्बित गर्दछन् ।

## दूध तथा अण्डा

डिसेम्बर २०२३ मा राष्ट्रियस्तर र पश्चिमी प्रदेशहरु दुवैमा उपलब्ध तथ्याङ्कका अनुसार, एक वर्ष अगाडि भन्दा दुधको मूल्यमा उल्लेख्य वृद्धि भएको छ । नेपालमा दूधको मूल्यमा वार्षिक १८.८ प्रतिशतले वृद्धि भई प्रतिलिटर ११८.३ (अमेरिकी डलर ०.९) पुगेको छ भनें पश्चिमी प्रदेशहरुमा सोही अवधिमा दूधको मूल्यमा २७.९ प्रतिशतले बढेर प्रति लिटर १३२.५ (अमेरिकी डलर १.०) पुगेको छ । मार्च २०२३ मा प्रतिलिटर ९ रुपैंयाले प्रशोधन नगरिएको दुधको मूल्य वृद्धि गर्ने नेपाल सरकारको निर्णयलाई पनि दुधको मूल्य वृद्धिमा कारक मान्न सकिन्छ। वार्षिक रुपमा दुधको मूल्यमा देखिएको उतारचढावका बाबजुद, अघिल्लो महिनाको तुलनामा, डिसेम्बर २०२३ मा दुधको मूल्य नेपाल र पश्चिमी प्रदेशहरु, दुवैमा तुलनात्मक रुपमा स्थिर रह्यो। यसैगरी, नेपाल र पश्चिमी प्रदेशहरुमा अण्डाको प्रति इकाई मूल्य क्रमश ने.रु. १९.९ (०.१४ अमेरिकी डलर) र ने.रू.२०.७ (०.१५ अमेरिकी डलर) रहदै तुलनात्मक रुपमा स्थिर रह्यो। यसरी प्रोटिनको श्रोतको रुपमा रहेको दुधको बार्षिक औसत मूल्यमा भएको वृद्धिले ग्रामीण र न्यून आय भएका सहरी परिवारहरूको उपभोग ढाँचामा नकारात्मक असर पार्न सक्दछन्।

## मासु तथा माछा

अघिल्लो वर्षको तुलनामा डिसेम्बर २०२३ मा, माछाको मूल्य राष्ट्रिय स्तर र पश्चिमी प्रदेशहरु दुवैमा उल्लेख्य रुपमा वृद्धि भएको पाईयो। राष्ट्रिय स्तरमा माछाको औसत मूल्यमा वार्षिक वृद्धिदर १४.९ प्रतिशत रहेको पाइयो भनें पश्चिमी प्रदेशहरुमा सबैभन्दा धेरै, २७.६ प्रतिशतले वृद्धि भएको देखियो । पश्चिमी प्रदेशहरु मध्ये, कर्णाली प्रदेशमा सबैभन्दा धेरै मूल्यवृद्धि, १८.८ प्रतिशत भएको पाईयो।यसैगरी, अघिल्लो महिनाको तुलना डिसेम्बर २०२३ मा माछाको मूल्य राष्ट्रिय रुपमा ३.३ प्रतिशतले र पश्चिमी प्रदेशहरुमा १.३ प्रतिशतले वृद्धि भएको देखियो। मासुको मूल्यमा भनें, पश्चिमी प्रदेशहरुमा मूल्यमा सानो गिरावट (३.६ प्रतिशत) आए पनि, समग्रमा राष्ट्रियस्तरमा प्रत्येक वर्ष मूल्यमा तुलनात्मक स्थिरता देखिन्छ। यी मूल्य वृद्धिले ग्रामीण र न्यून आय भएका सहरी परिवारहरूको उपभोग ढाँचामा नकारात्मक असर पार्न सक्दछन् ।

## खाने तेल

तथ्याङ्क अनुसार नेपाल र पश्चिमी प्रदेशहरु दुवैमा खाने तेलको मूल्य घटेको देखिन्छ। नेपालमा, डिसेम्बर २०२३ को आँकडा अनुसार वर्षानुसार तोरीको तेलको मूल्य २१.७ प्रतिशतले र भटमासको तेलको मूल्य २३.८ प्रतिशतले घटेको छ। यसैगरी, पश्चिमी प्रदेशहरुमा, यही अवधिमा तोरीको तेलको मूल्य १८.६ प्रतिशत र भटमास तेलको मूल्य २६.० प्रतिशतले घटेको छ। खाने तेलको मूल्यको यही प्रवृत्तिलाई मासिक रुपमा प्रतिबिम्बित गर्दै, तोरी र भटमासको तेलको मूल्य डिसेम्बर २०२३ मा पनि घटेको छ। अघिल्लो महिनाको तुलनामा, तोरीको तेलको मूल्यमा सबैभन्दा धेरै कमी सुदूरपश्चिम प्रदेश (१०.७ प्रतिशत) मा आएको छ भनें, भटमासको तेलमा, कोशी प्रदेशमा (९.४ प्रतिशत) सबैभन्दा धैरै मूल्यमा ह्रास आएको छ । खाने तेलको मूल्य घट्नु, खाद्य तथा कृषि संगठनले (FAO) सार्वजनिक गरेको जनवरी २०२४ को तथ्याङ्कलाई हेर्दा, तेलहन र खाने तेलको मूल्य सूचकाङ्कमा भएको क्रमशः २५.१ प्रतिशत र १७.८ प्रतिशतको गिरवाट र भटमास तेलको मूल्य सूचकाङ्क देखिएको १२.८ प्रतिशतको[3] गिरवाट सँग मिल्दोजुल्दो देखिन्छ ।

## कृतज्ञता

यो प्रतिवेदन USAID/Nepal को आर्थिक सहयोगबाट संचालित Cereal Systems Initiative for South Asia (CSISA)को “नेपालमा विश्व आपूर्ति श्रृंखला र जलवायु प्रतिकुलनको विरुद्ध खाद्य प्रणालीको सम्भाव्यता बढाउने” परियोजना तथा CSISA फेज ३ (USAID-Washington) को सहयोगबाट प्रकाशित गरिएको छ। CSISA कार्यक्रम One CGIAR Regional Integrated Initiative द्वारा संचालन रहेको “दक्षिण एसियामा कृषि खाद्य प्रणाली रुपान्तरण (TAFSSA)” कार्यक्रमसंग सहकार्य गर्दै आएको छ। CSISA कार्यक्रम CIMMYT को नेत्तृत्वमा IFPRI, IIDS, IRRI र IWMI संगको साझेदारीमा कार्यान्वयन हुँदै आएको छ । CSISA नेपाल तथा बंगलादेश परियोजना अन्तर्गत iDE पनि एक मुख्य साझेदार हो।

[3] Food and Agriculture Organization of the United Nations. [WWW Document]. *Monthly Price Update: Oilseeds, Oils and Meals, No. 175, February 2024.* Available at https://www.fao.org/3/cc9701en/cc9701en.pdf (Accessed 27 February 2024).

## तथ्याङ्कका श्रोतहरु

यो संक्षिप्त प्रतिवेदनको लागि तथ्यांकका स्रोतहरू विश्व खाद्य कार्यक्रमबाट खाद्यवस्तुहरुको मूल्य, नेपाल आयल निगम (noc.org.np) बाट ईन्धनको मूल्य, नेपाल राष्ट्र बैंकबाट उपभोक्ता मूल्य सूचकाङ्क, अर्थ मन्त्रालयबाट बजेट वितरण, विप्रेषण र अन्य बृहत आर्थिक तथ्याङ्क साभार गरिएको छ। यूएसएआईडी / नेपालको NSAF र किसान II परियोजनाहरूले कार्यक्षेत्रका अभिलेखहरु प्रदान गरेका छन् । USAID फिड द फ्युचर जोन अफ इन्फ्लुएन्स अन्तर्गतका ९ जिल्लाहरूमा 2023 डिसेम्बरमा आईआईडीएसद्वारा गरिएको प्राथमिक घरपरिवार सर्वेक्षण (दोस्रो लहर) को तथ्याङ्कका साथै काठमाण्डौ लगायत उही क्षेत्रहरूमा द्वि-साप्ताहिक बजार सर्वेक्षणबाट प्राप्त तथ्याङ्क प्रयोग गरिएको छ।

## सिफारिस गरिएको उद्धरण

Palikhe, A., Maharjan, N.K., Adhikari, M., Gupta, S., Kumar, A., Minot, N., Koirala, P., Krupnik, T.J. 2024. Situation Report on Nepal's Agrifood Systems (February 2024 Bulletin Number 15). The Cereal Systems Initiative for South Asia (CSISA) and Transforming Agrifood Systems in South Asia (TAFSSA). Kathmandu, Nepal.

*यो प्रकाशनले Creative Commons Attribution 4.0 International License (CC BY 4.0) अन्तर्गत इजाजत प्राप्त गरेको छ। यो इजाजत पत्र https://creativecommons.org/licenses/by/4.0. मा हेर्न सकिन्छ। यस लेखमा उल्लेख गरिएका सामाग्री तथा विचार लेखकका हुन्, USAID वा CGIAR को आधिकारिक दृष्टिकोणलाई प्रतिबिम्बित नगर्न पनि सक्दछन् र यसलाई व्यापारिक प्रयोजनका लागि प्रयोग गर्न पाइने छैन।*

## नोट

यो प्रतिवेदन आधिकारिक नेपाली अनुवाद नभएको हुनाले यस प्रतिवेदनको अंग्रेजी संस्करण IIDS, CIMMYT र IFPRI को आधिकारिक वेबसइटहरुमा प्राप्त गर्न सकिने जानकारी गराउन चाहन्छौ ।

## अनुसुचीहरु

### अनुसुची १: नेपालमा खाद्य सामाग्रीको मूल्य (ने.रु./के.जी) मा भएको प्रतिशत परिवर्तन अनुपात

| खाद्य सामाग्री | पश्चिमी प्रदेश | | | | | नेपाल | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | २०२२ डिसेम्बर (ने.रु.) | २०२३ नोभेम्बर (ने.रु.) | २०२३ डिसेम्बर (ने.रु.) | २०२२ डिसेम्बर - डिसेम्बर २०२३ (प्रतिशत परिवर्तन) | नोभेम्बर २०२३ - डिसेम्बर २०२३ (प्रतिशत परिवर्तन) | २०२२ डिसेम्बर (ने.रू) | २०२३ नोभेम्बर (ने.रु.) | २०२३ डिसेम्बर (ने.रु.) | २०२२ डिसेम्बर - २०२३ डिसेम्बर (प्रतिशत परिवर्तन) | नोभेम्बर २०२३ - डिसेम्बर २०२३ (प्रतिशत परिवर्तन) |
| चामल (मोटो) | ५८.८ | ७२.८ | ७४.२ | २७.६ | ०.८ | ५५.५ | ६९.४ | ६९.७ | २५.६ | ०.३ |
| चामल (मध्यम) | ९०.२ | १०२.६ | १०१.६ | १२.७ | -१.० | ८२.३ | ९०.९ | ९१.० | १०.६ | ०.१ |
| गहुँको पिठो | ७७.२ | ८८.१ | ९०.० | १६.५ | २.२ | ७८.४ | ८७.१ | ८७.४ | ११.४ | ०.३ |
| स्याउ | २५६.९ | २७३.१ | २९३.८ | १४.४ | ७.६ | २५६.३ | २८१.४ | २८६.५ | ११.८ | १.८ |
| केरा* | १५२.५ | १६०.४ | १७६.२ | १५.५ | ९.८ | १२९.७ | १३७.४ | १४४.० | ११.० | ४.८ |
| सुन्तला | १४४.६ | १४५.४ | १३६.९ | -५.३ | -५.८ | १३७.१ | १४७.४ | १३१.५ | -४.१ | -१०.८ |
| गोलभेडा | ९९.० | ९६.२ | ९३.१ | -६.० | -३.२ | ७३.८ | ८०.० | ६९.८ | -५.५ | -१२.८ |
| आलु (रातो) | ५१.६ | ४७.३ | ४८.५ | -६.० | २.४ | ४५.५ | ४८.५ | ४६.९ | ३.१ | -३.४ |
| बन्दा गोबी | ६०.२ | ५५.८ | ५०.४ | -१६.३ | -९.७ | ५२.४ | ५३.२ | ४८.० | -८.५ | -९.९ |
| गाजर | ११४.४ | ११५.५ | ११६.२ | १.५ | ०.६ | १०४.० | १०८.० | ९७.९ | -५.९ | -९.३ |
| फर्सी | ७८.६ | ५९.६ | ५५.० | -३०.० | -७.७ | ६८.० | ५८.८ | ५६.० | -१७.६ | -४.७ |

| खाद्य सामाग्री | पश्चिमी प्रदेश | | | | | नेपाल | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | २०२२ डिसेम्बर (ने.रु.) | २०२३ नोभेम्बर (ने.रु.) | २०२३ डिसेम्बर (ने.रु.) | २०२२ डिसेम्बर - डिसेम्बर २०२३ (प्रतिशत परिवर्तन) | नोभेम्बर २०२३ - डिसेम्बर २०२३ (प्रतिशत परिवर्तन) | २०२२ डिसेम्बर (ने.रू) | २०२३ नोभेम्बर (ने.रु.) | २०२३ डिसेम्बर (ने.रु.) | २०२२ डिसेम्बर - २०२३ डिसेम्बर (प्रतिशत परिवर्तन) | नोभेम्बर २०२३ - डिसेम्बर २०२३ (प्रतिशत परिवर्तन) |
| चना | १५५.४ | १५१.५ | १५१.२ | -२.७ | -०.३ | १४२.१ | १३९.५ | १४२.९ | ०.६ | २.४ |
| दाल (टुक्रयाईएको) | १९२.० | १८७.५ | १८३.३ | -४.५ | -२.२ | १७५.९ | १७२.६ | १७०.९ | -२.८ | -१.० |
| बोढी (कालो) | १९१.४ | १९९.६ | २०६.२ | ७.७ | ३.३ | १७६.२ | १९७.६ | २०४.० | १५.८ | ३.२ |
| तेल (तोरी) ** | ३४९.५ | २९२.३ | २८४.६ | -१८.६ | -२.६ | ३४२.६ | २६९.६ | २६८.३ | -२१.७ | -०.५ |
| तेल (भटमास) ** | ३००.५ | २२३.५ | २२२.३ | -२६.० | -०.५ | २८१.५ | २१७.८ | २१४.४ | -२३.८ | -१.६ |
| दुध | १०३.६ | १३२.७ | १३२.५ | २७.९ | -०.१ | ९९.५ | ११९.० | ११८.३ | १८.८ | -०.६ |
| मासु (कुखुरा) | ५२१.५ | ५१२.३ | ५०२.७ | -३.६ | -१.९ | ४४२.५ | ४५३.८ | ४४४.२ | ०.४ | -२.१ |
| अण्डा*** | २०.८ | १९.८ | २०.७ | -०.४ | ४.७ | १९.७ | १९.२ | १९.९ | ०.८ | ३.५ |
| माचा | ५००.० | ६३०.० | ६३८.० | २७.६ | १.३ | ४४०.० | ४९०.२ | ५०५.७ | १४.९ | ३.२ |
| बदाम | ५६८.८ | ४४६.९ | ४५५.० | -२०.० | १.८ | ३६६.६ | ३२८.० | ३३३.० | -९.२ | १.५ |

*ले इकाइ मूल्य प्रति दर्जन जनाउँछ, ** ले इकाइ मूल्य प्रति लिटर जनाउँछ *** ले इकाइ मूल्य प्रति गोटा जनाउँछ। पश्चिमी प्रदेश अन्तर्गत लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशहरु पर्दछन् ।

## अनुसुची २. प्रदेश अनुसार खाद्य सामग्रीको मूल्य (ने.रु.) मा भएको परिवर्तन

| खाद्यान्न | कोशी | | मधेश | | बागमती | | गण्डकी | | लुम्बिनी | | कर्णाली | | सुदुरपश्चिम | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | डिसेम्बर २०२२ - डिसेम्बर २०२३ | नोभेम्बर २०२३ - डिसेम्बर २०२३ | डिसेम्बर २०२२ - डिसेम्बर २०२३ | नोभेम्बर २०२३ - डिसेम्बर २०२३ | डिसेम्बर २०२२ - डिसेम्बर २०२३ | नोभेम्बर २०२३ - डिसेम्बर २०२३ | डिसेम्बर २०२२ - डिसेम्बर २०२३ | नोभेम्बर २०२३ - डिसेम्बर २०२३ | डिसेम्बर २०२२ - डिसेम्बर २०२३ | नोभेम्बर २०२३ - डिसेम्बर २०२३ | डिसेम्बर २०२२ - डिसेम्बर २०२३ | नोभेम्बर २०२३ - डिसेम्बर २०२३ | डिसेम्बर २०२२ - डिसेम्बर २०२३ | नोभेम्बर २०२३ - डिसेम्बर २०२३ |
| चामल (मोटो) | २८.४ | -१.६ | २५.९ | -२.२ | ३१.८ | ०.० | ०.० | ०.० | २५.८ | १.१ | २३.० | ०.८ | ३८.४ | ०.७ |
| चामल (मध्यम) | १७.८ | -३.१ | १.४ | १.९ | १.६ | ०.४ | १२.५ | ५.९ | १३.३ | ०.९ | १०.४ | -१.४ | १७.३ | -१.३ |
| गहुँको पिठो | ४.० | -१०.३ | ७.० | -०.४ | -५.६ | ०.० | १६.१ | ५.९ | ४.७ | ५.६ | २३.१ | ०.२ | १३.२ | ४.२ |
| स्याउ | -४.५ | -२.६ | -६.९ | -१५.६ | ४०.७ | -०.१ | ८.५ | ४.५ | १४.१ | -४.५ | २०.९ | २०.० | ६.५ | ४.५ |
| केरा* | -९.४ | -६.५ | ३६.८ | ८.३ | १५.० | -१३.२ | -१५.६ | ०.० | -४.२ | -१०.४ | २७.८ | १६.४ | -२.३ | ७.७ |
| सुन्तला | -६.५ | -६.५ | -१.३ | -३७.५ | -५.९ | -६.२ | ८.७ | -१०.७ | -१३.५ | -२५.६ | ३.१ | १३.६ | -१४.८ | -२०.७ |
| गोलभेडा | ३६.८ | -१८.७ | ४.३ | -५०.० | -११.१ | -२७.३ | -३२.१ | -२६.९ | ८.३ | ८.३ | -९.० | २.१ | -६.५ | -१९.४ |
| आलु (रातो) | २८.६ | -१५.६ | २७.३ | -६.७ | -२०.० | -१०.१ | २५.० | -९.१ | -४.८ | १४.३ | -१९.३ | ०.० | -४.८ | ०.० |
| बन्दा गोबी | २७.८ | -४.२ | २६.३ | -१४.३ | -२१.३ | -१८.० | ३.८ | -३.६ | ३४.५ | १८.२ | -२७.६ | ६.९ | -२८.६ | -४४.४ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| गाँजर | -११.५ | -२०.७ | २०.० | -४२.९ | -३९.१ | -१८.८ | -२७.१ | -७.९ | -२७.९ | १४.० | ६.२ | १०.५ | ४६.१ | -२८.८ |
| फर्सी | -११.८ | -६.३ | -६.३ | ०.० | १३.३ | -२९.२ | २३.१ | ६०.० | ३.६ | २०.८ | -३६.६ | ०.० | -३१.८ | -३८.८ |
| चना | २३.२ | ३.७ | ४.३ | ०.० | ५.१ | ९.८ | -१२.९ | ८.० | २.८ | ४.३ | -०.५ | १.० | -१०.० | -५.३ |
| बोढी (कालो) | २१.४ | ३.५ | २९.२ | ०.० | ५०.० | १.३ | १०.३ | ७.५ | ७.१ | २.९ | ०.५ | ३.९ | २२.४ | २.५ |
| दाल (टुक्रयाईए को) | ०.० | -१.१ | २.३ | ०.० | -३.६ | -१.८ | ०.० | २.४ | -६.१ | -३.२ | -७.८ | -१.९ | २.९ | -२.१ |
| तेल (तोरी) ** | -२१.८ | -६.५ | -२६.१ | -२.९ | -३४.८ | ५.६ | -१६.४ | १०.४ | -२४.७ | ५.२ | -१४.६ | ०.० | -२१.६ | -१०.७ |
| तेल (भटमास) ** | -१८.४ | -६.१ | -२६.६ | -९.४ | -१८.४ | ४.० | -१९.४ | -२.२ | -२४.५ | २.६ | -२९.१ | -०.७ | -२१.५ | -२.३ |
| दुध | ४.२ | -३.८ | ११.१ | ०.० | ३.३ | -६.१ | ६.२ | २.० | १५.४ | ०.० | ३७.७ | -०.२ | २.६ | ०.० |
| मासु (कुखुरा) | २१.६ | ०.० | -८.५ | -४.४ | २.३ | -९.६ | १४.३ | १.३ | -०.९ | -१.८ | -५.८ | ०.१ | -१.० | -५.४ |
| अण्डा*** | ९.१ | ०.० | -१०.९ | ८.९ | -८.१ | -२.६ | ३५.५ | ५.० | -३.६ | -३.६ | ०.७ | ११.० | ०.० | ०.० |
| माछा | ४.३ | ६.२ | ०.० | ०.० | -१०.४ | -१.५ | -४.७ | ७.६ | -१.६ | -१.६ | १८.८ | २.२ | ६.७ | ०.० |
| बदाम | -१.४ | ०.७ | २५.९ | -१०.५ | ८८.२ | -१५.५ | २९.१ | ४.७ | ४.६ | ४.६ | -३०.७ | -३.१ | NA | NA |

NA indicates data not available.

## अनुसूची ३: जनवरी २०२४ मा मुख्य कृषि सामग्रीहरुको इकाई मूल्य

| विवरण | मूल्य (ने.रू. प्रति इकाई) | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | बाँके | बर्दिया | दाङ | कैलाली | कन्चनपुर | कपिलवस्तु | सुर्खेत |
| **मलखाद्य** | | | | | | | |
| युरिया (केजी) | १९.८ | २२.० | २०.० | २२.५ | २२.८ | १८.५ | २३.० |
| डिएपी (केजी) | ४९.२ | ५२.४ | ५०.० | ५२.५ | ५२.५ | ४३.५ | ५२.३ |
| पोटास (केजी) | ३९.६ | ३८.० | ३७.० | ३९.० | ३९.७ | ४०.० | ४०.० |
| **बिउ** | | | | | | | |
| धान (खुल्ला परागसेचित) (OP) बिऊ (केजी) | ६१.३ | ७२.५ | - | ७२.५ | ७१.५ | - | ७०.० |
| धान वर्णशंकर (hybrid) (केजी) | ५७५.० | ५००.० | - | ५००.० | ५७५.० | - | ५५०.० |
| मकै (खुल्ला परागसेचित) (OP) बिऊ (केजी) | १५०.० | १८५.० | २००.० | १४०.० | १५५.० | १७२.५ | २५०.० |
| मकै वर्णशंकर (hybrid) (केजी) | ७५०.० | ४७५.० | ४१०.० | ६५०.० | ३००.० | ६५०.० | ५००.० |
| गहुँ (केजी) | ७१.३ | ७०.० | - | ७५.० | ८५.० | | |
| दाल (केजी) | २५०.० | २००.० | - | २५०.० | | | |
| काउली (खुल्ला परागसेचित) (OP) बिऊ (केजी) | ७,०००.० | ४,५५०.० | १०,०००.० | ६,५००.० | ७,०००.० | - | १२,५००.० |
| काउली वर्णशंकर (hybrid) (केजी) | ५७,५००.० | ८२,५००.० | ८०,०००.० | ६०,०००.० | ६२,५००.० | - | ४२,०००.० |
| गोलभेडा (खुल्ला परागसेचित) (OP) बिऊ (केजी) | ६,२५०.० | १२,५००.० | १०,०००.० | ९,०००.० | ९,०००.० | - | १७,५००.० |
| गोलभेडा वर्णशंकर (hybrid) (केजी) | ५७,५००.० | ८२,५००.० | २०७,३०५.५ | १०७,५००.० | २८५,०००.० | - | ५७,५००.० |
| प्याज (केजी) | १,४६२.५ | १,०५०.० | - | ७५०.० | ७००.० | - | १,१००.० |
| प्याजको बिउ नेपाली (केजी) | | १,०००.० | - | ३,७५०.० | | - | ६,५००.० |
| **श्रमदर** | | | | | | | |

FEED THE FUTURE
The U.S. Government's Global Hunger & Food Security Initiative

| विवरण | मूल्य (ने.रू. प्रति इकाई) | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | बाँके | बर्दिया | दाङ | कैलाली | कन्चनपुर | कपिलवस्तु | सुर्खेत |
| कृषि मजदुर- पुरुष (दिन) | ५००.० | ६००.० | ६७५.० | ६६६.७ | ६००.० | ६००.० | ७८०.० |
| कृषि मजदुर- महिला (दिन) | ३००.० | ६००.० | ६२५.० | ५३३.३ | ५००.० | ६००.० | ७००.० |
| गैर कृषि मजदुर- पुरुष (दिन) | ४५०.० | ५७०.० | ६७५.० | ९००.० | १,०००.० | ६५०.० | ८६०.० |
| गैर कृषि मजदुर- महिला (दिन) | ३००.० | ५७०.० | ६२५.० | ५६६.७ | ६००.० | ६५०.० | ७६०.० |
| **सिँचाई** | | | | | | | |
| सिँचाई (प्रति हेक्टर) | १८३.३ | ३५६.३ | ३७५.० | ३५०.० | ७५.० | - | ९००.० |
| **ट्र्याक्टर** | | | | | | | |
| ट्र्याक्टर (प्रति घण्टा भाडादर) | २,०००.० | २,३००.० | २,३१६.७ | २,९३३.३ | ३,३५०.० | २,३००.० | ९८०.० |
| **इन्धन** | | | | | | | |
| डिजेल (लिटर) | - | १५५.६ | १५५.० | १५४.० | १६२.५ | १५७.० | १५५.६ |
| पेट्रोल (लिटर) | - | १६३.७ | १६५.० | १६४.० | १७७.५ | १६८.० | १६५.६ |

श्रोतः CSISA फिल्ड तथ्याङ्क, जनवरी २०२४

## अनुसुची ४: राष्ट्रिय उपभोक्ता मूल्य सूचकाङ्क ( जनवरी २०२४)

| समूह र उपसमूह | भार% | २०२१/२२ | २०२२/२३ | | २०२३/२४P | | % परिवर्तन | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | डिसेम्बर/जनवरी | नोभेम्बर/डिसेम्बर | डिसेम्बर/जनवरी | नोभेम्बर/डिसेम्बर | डिसेम्बर/जनवरी | ३ माथि १ | ३ माथि २ | ५ माथि ३ | ५ माथि ४ |
| | | १ | २ | ३ | ४ | ५ | | | | |
| **कूल सुचकाङ्क** | **१००** | **१४४.८४** | **१५६.८७** | **१५५.३६** | **१६४.६३** | **१६३.५२** | **७.२६** | **-०.९६** | **५.२६** | **-०.६७** |
| **खाद्य तथा पेय पदार्थ** | **४३.९१** | **१४१.३** | **१५२.५९** | **१४९.२९** | **१६०.३७** | **५७.८६** | **५.६२** | **-२.१९** | **५.७७** | **-१.५७** |
| अन्न तथा सम्बन्धित उत्पादनहरु | ११.३३ | १३०.६ | १४३.०३ | १४३.०९ | १५९.१९ | १५९.३७ | ९.५६ | ०.०४ | ११.३८ | ०.११ |
| दाल तथा गेडागुदी | १.८४ | ११९.३४ | १२४.६३ | १२४.५४ | १३७.७९ | १३८.४१ | ४.३६ | -०.०७ | ११.१४ | ०.४५ |
| तरकारी | ५.५२ | १४६.०९ | १५९.१८ | १३४.४२ | १४५.८६ | १३३.०२ | -७.९९ | -१५.५६ | -१.०४ | -८.८१ |
| मासु तथा माछा | ६.७५ | १४१.३३ | १४७.८२ | १४६.७९ | १४७.६३ | १४६.७ | ३.८६ | -०.७ | -०.०६ | -०.६३ |
| दुग्ध पदार्थ तथा अण्डा | ५.२४ | १३८.४९ | १५०.९५ | १५१.९१ | १६६.९४ | १६७.५५ | ९.७ | ०.६४ | १०.२९ | ०.३६ |
| घ्यू तथा तेल | २.९५ | १८१.२१ | १९५.०१ | १९३.१५ | १६८.३६ | १६७.९ | ६.५९ | -०.९५ | -१३.०७ | -०.२७ |
| फलफूल | २.०८ | १५२.०४ | १५६.०४ | १५४.७६ | १७६.९ | १७०.४७ | १.७९ | -०.८२ | १०.१५ | -३.६४ |
| चिनी तथा चिनीजन्य उत्पादन | १.७४ | १३८.०५ | १४७.३ | १४७.४२ | १६६.८ | १५८.१७ | ६.७९ | ०.०८ | ७.२९ | -५.१७ |
| मसाला | १.२१ | १३०.६७ | १३७.४२ | १३७.७८ | १८८.५७ | १८६.८३ | ५.४४ | ०.२६ | ३५.६ | -०.९२ |
| अल्कोहल रहित पेय पदार्थ | १.२४ | १३९.४४ | १४८.२२ | १४८.६७ | १५८.६७ | १५९.१५ | ६.६२ | ०.३ | ७.०५ | ०.३ |
| अल्कोहल भएका पेय पदार्थ | ०.६८ | १८७.५४ | २०४.१२ | २०४.१२ | २१५.२७ | २१५.२७ | ८.८४ | ० | ५.४६ | ० |
| सुर्तीजन्य उत्पादन | ०.४१ | १७१.६१ | १९१.८८ | १९१.८८ | १९४.२८ | १९४.२८ | ११.८१ | ० | १.२५ | ० |
| रेष्टुरेन्ट तथा होटल | २.९२ | १४७.११ | १६९.५६ | १६९.९९ | १८१.३६ | १८१.५७ | १५.५६ | ०.२५ | ६.८१ | ०.१२ |

P = प्रादेशिक

श्रोत वर्तमान बृहत आर्थिक तथा वित्तीय स्थिति (मध्य जनवरी २०२३/२४ अन्तिम हुने गरेको ६ महिनाको तथ्याङ्कमा आधारित), नेपाल राष्ट्र बैंक

## अनुसुचि ५: प्रादेशिक, जिल्लागत र सर्वेक्षण घरधुरीमा धान उत्पादन (मेट्रिक टन/हेक्टरमा )

| जिल्ला | सर्वेक्षण गरिएको घरधुरीमा उत्पादन (२०२३/२०२४) (मे.ट/हे) | जिल्लाको औसत उत्पादन (२०२१/२०२२)[4] (मे.ट./हे)) | प्रादेशिक औसत (२०२३/२०२४)[5] (मे.ट/हे) | उत्पादनमा भिन्नता | |
|---|---|---|---|---|---|
| | १ | २ | ३ | १ माथि २ | १ माथि ३ |
| **मधेश प्रदेश** | | | ३.४१ | | |
| सर्लाही | ३.८३ | ३.४५ | | ०.३८ | ०.४२ |
| **लुम्बिनी प्रदेश** | | | ४.३३ | | |
| बाँके | ३.३ | २.३१ | | ०.९९ | -१.०३ |
| पाल्पा | ३.४१ | ३.८ | | -०.३९ | -०.९२ |
| दाङ | ४.१८ | ३.७ | | ०.४८ | -०.१५ |
| **कर्णाली प्रदेश** | | | ३.४६ | | |
| सुर्खेत | ४.५३ | ४.१८ | | ०.३५ | १.०७ |
| सल्यान | २.९१ | ४.०६ | | -१.१५ | -०.५५ |
| **सुदुरपश्चिम प्रदेश** | | | ३.८२ | | |
| डडेलधुरा | ४.५ | ३.४५ | | १.०५ | ०.६८ |
| कैलाली | ३.८७ | २.४७ | | १.४ | ०.०५ |

[4] Government of Nepal, 2023. *Statistical Information on Nepalese Agriculture 2078/79 (2021/22)*, Kathmandu: Ministry of Agriculture and Livestock Development.

[5] Ministry of Agriculture and Livestock Development, 2024. Press Release on the rice productivity of the current fiscal year 2023/24, Kathmandu: Ministry of Agriculture and Livestock Development. Available at: https://moald.gov.np/wp-content/uploads/2024/01/Pressnote-on-Rice-Estimation-for-FY-2080-81-1.pdf. [Accessed 25 January 2024].